**प्रस्तावहरु:-**

मितिः २०७९ कार्तिक २३ गते बुधबारको कार्यपालिका बैठक

बैठक संख्याः २०७९।०८०-००४

**समयः विहानको १२ः ०० बजे**

**वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्षज्यूको अध्यक्षतामा बसेको वारागुङ गाउँ कार्यपालिकाको बैठक छलफलका विषयहरु:**

२०७९।०८०-००४।०१ अघिल्लो बैठकको समीक्षा सम्बन्धमा।

२०७९।०८०-००४।०२ नयाँ नियुक्त कर्मचारीहरुलाई स्वागत सम्बन्धमा।

२०७९।०८०-००४।०३ मतदाता शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धमा।

२०७९।०८०-००४।०४ विभिन्न योजनाहरुको समीक्षा सम्बन्धमा।

२०७९।०८०-००४।०५ कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा।

२०७९।०८०-००४।०६ विविध सम्बन्धमा।

**निर्णयहरु:-**

**निर्णय नं २०७९।०८०-००४।०१**

प्रस्ताव नं २०७९।०८०-००४।०१ को प्रस्ताव माथी छलफल गर्दा अघिल्लो मितिः २०७९।०६।२९ गते बसेको कार्यपालिकाको बैठकको समीक्षा गरियो।

**निर्णय नं २०७९।०८०-००४।०२**

प्रस्ताव नं २०७९।०८०-००४।०२ को प्रस्ताव माथी छलफल गर्दा यस कार्यालयमा स्थायी तथा करारमा नियुक्त भएका नवआगन्तुक तपसिल बमोजिमका कर्मचारीहरुलाई स्वागत गरियो।

तपसिलः

१. ल्याब असिस्टेन्ट श्री आरती आले
२. स्टार्फ नर्स श्री सन्जिता सिँजाली
३. कृषि स्नातक प्राविधिक श्री विकास पाण्डे
४. उद्यम विकास सहजकर्ता सहायक चौथो श्री नवीना वली
५. प्रशासन सहायक पाँचौ श्री रिता के.सी.

**निर्णय नं २०७९।०८०-००४।०३**

प्रस्ताव नं २०७९।०८०-००४।०३ प्रस्ताव माथी छलफल गर्दा संवत् २०७९।०८।०४ गते हुने आसन्न प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने। सो कार्यको लागि मतदाता शिक्षा कार्यक्रम निर्देशिका, २०७९ मा रहेको व्यवस्था अनुसार वडास्तर समितिको लागि तपसिल बमोजिमका सदस्यहरु राख्ने निर्णय गरियो।

तपसिलः

| वडा नं | महिला स्वास्थ्य स्वयमसेविका (सदस्य) | मतदाता शिक्षा सहजकर्ता | कार्यरत निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | श्री छिचु गुरुङ | श्री गृष्मा पोखरेल | झारकोट स्वास्थ्य चौकी | |
| २ | श्री ढिकी गुरुङ | श्री जिविस बुढा | पशु कार्यालय वडा नं २ | |
| ३ | श्री मन कुमारी वि.क. | श्री वासु थकाली | पशु कार्यालय वडा नं ३ | |

रेडजीत नामगेल गुरुङ
अध्यक्ष

| वडा नं | महिला स्वास्थ्य स्वयमसेविका (सदस्य) | मतदाता शिक्षा सहजकर्ता | कार्यरत निकाय | कैफियत |
|---|---|---|---|---|
| ४ | श्री साङ्मो गुरुङ | श्री लोकेन्द्र सिँह धामी | गाउँपालिका कृषि शाखा | |
| ५ | श्री मोलम गुरुङ | श्री मदन प्रजा | वडा नं ५ को कार्यालय | |

*मतदाता शिक्षा सहजकर्तालि नियमानुसार पाउने एकमुष्ठ रकम रु १० हजार गाउँपालिकाको चालु बजेट उपशिर्षकको विविध खर्च शिर्षकबाट भुक्तानी गर्ने।*

**निर्णय नं २०७९।०८०-००४।०४**

प्रस्ताव नं २०७९।०८०-००४।०४ माथी छलफल गर्दा यस गाउँपालिकाभित्र सञ्चालित योजनाहरुको समिक्षा अर्को बैठकमा गर्ने निर्णय गरियो।

**निर्णय नं २०७९।०८०-००४।०५**

प्रस्ताव नं २०७९।०८०-००४।०५ माथी छलफल गर्दा **"वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, सुनौलो १००० दिन कार्यक्रम सञ्चालन कार्यविधि, २०७९"** स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं २०७९।०८०-००४।०६**

प्रस्ताव नं २०७९।०८०-००४।०६ माथी छलफल गर्दा तपसिल बमोजिमको निर्णय गरियो।

१. मितिः २०७९।०६।१८ गते मुक्तिनाथ मन्दिरमा सम्मानीय राष्ट्रपति विद्यादेवी भण्डारी ज्यूको भ्रमणका क्रममा भएका तपसिल बमोजिमको खर्चको भुक्तानी गर्ने निर्णय गरियो।

तपसिलः

| सि नं | विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|
| १ | सुरक्षाकर्मीहरुको लागि सवारी साधन भाडा खर्च (जोमसोम-मुक्तिनाथ दुइतर्फी आवतजावत) | १३ हजार ५ सय | |
| २ | १०० जना सुरक्षाकर्मीहरुको खाना खर्च | ४० हजार | |

२. आसन्न मंसिर ४ गते हुन गइरहेको प्रतिनिधिसभा तथा प्रदेश सभा सदस्य निर्वाचनको सम्बन्धमा मिति २०७९।०७।२१ गतेको जिल्ला प्रशासन कार्यालय, मुस्ताङको पत्रानुसार गाउँपालिकाभित्रका संडकहरु चुस्त दुरुस्त राख्ने भनी निर्देशन आएकोमा यस पालिकाको वडा नं ५ स्थित शाङ्ता गाउँमा पुग्ने सडक हिमपातको कारणले प्रभावित भएकोमा मेशिन लगाई बाटो सफा गर्ने कार्यको प्राविधिक मूल्याकंन अनुसार भुक्तानी गर्ने निर्णय गरियो।

३. जननर्मल मा.वि.छुसाङको भवन निर्माणको लागि प्राप्त तपशिल बमोजिमको बजेट शिलबन्दी बोलपत्र आह्वान गरी कार्य अगाडी बढाउने निर्णय गरियो।

तपसिलः

| सि नं | बजेट विनियोजन गर्ने निकाय | बजेट रकम रु | कैफियत |
|---|---|---|---|
| १ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | रु ५५ लाख | |
| २ | सामाजिक विकास मन्त्रालय | रु ५० लाख | |

रुद्रजीत लामगेल गुरुङ
अध्यक्ष

४. यस गाउँपालिकाको प्रशासनिक कार्यहरु साविक कागवेनी गाउँ विकास समितिको कार्यालय कागवेनीमा सञ्चालन हुँदै आएकोमा आश्विन महिनामा आएको वर्षातका कारण उक्त भवनमा क्षति पुगेकोले पालिकाको प्रशासनिक कार्य अव उप्रान्त नयाँ प्रशासनिक भवनबाट सञ्चालन गर्ने निर्णय गरियो ।

- **आजको कार्यपालिका बैठक समापन गर्ने ।**